# स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन

# आ.व. २०८३।०८४

## कार्यान्वयन निकायः प्रदेश स्वास्थ्य तालिम केन्द्र

मा.मन्त्रीज्यूबाट स्वीकृत मितिः २०८३।०४।२५

कोशी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

विराटनगर, मोरङ

**क्रियाकलाप सञ्चालनका क्रममा ध्यान दिनुपर्ने मुख्य बुँदाहरुः**

**अनिवार्य दायित्वतर्फः**

१) स्थायी कर्मचारीको हकमा १०% वृद्धि भएको तलब पारिश्रमिक खर्च शीर्षक २११११ मा विनियोजित रकमबाट भुक्तानी गर्नुहुन र नयाँ आधार तलबको १०% प्रोत्साहन खर्चवापतको रकम स्वीकृत दरबन्दीभित्र कार्यरत स्थायी कर्मचारीहरुलाई मात्र खर्च शीर्षक २११३५, "स्थायी कर्मचारीको प्रोत्साहन भत्ता(१.२.५.५)" क्रियाकलापमा विनियोजित रकमबाट भुक्तानी गर्नुहुन।

२) प्रदेश निजामती कर्मचारीको पोशाक सम्बन्धी कार्यविधि, २०८३ बमोजिम कोशी प्रदेश सरकारबाट स्थानीय पोशाक प्रवर्द्धनका गर्नका लागि बुधबार र शुक्रबार स्थानियता झल्किने पोशाक लगाउने प्रयोजनार्थ प्रदान गर्न व्यवस्था गरिएको रु.५५००/- समेत साविकको पोशाक खर्च रकममा जोडी हिमाली जिल्लामा जम्मा रु. २०५००/- र अन्य जिल्लामा जम्मा रु.१५५००/- रकम चैत्र महिनामा प्रदेश दरबन्दी भित्रका स्थायी र दरबन्दी करार सेवाका कर्मचारीहरुलाई भुक्तानी गर्ने व्यवस्था मिलाउनुहुन र अन्य करारमा कार्यरत कर्मचारीहरुका लागि करार सम्झौतामा लेखिएबमोजिम भुक्तानी गर्नुहुन।

३) "मन्त्रालय र अन्तर्गतका कर्मचारीका लागि केन्द्रीकृत विद्युतीय हाजिरीका आधारमा प्रदान गरिने खाजा खर्च" क्रियाकलापमा प्रदेश दरबन्दी भित्रका स्थायी र दरबन्दी भित्रका करार कर्मचारीका लागि मात्र विनियोजन गरिएको हुँदा सोही अनुसार भुक्तानी व्यवस्थापन गर्नुहुन।

४) कार्यालयमा विनियोजित खाजा खर्चको रकम भुक्तानी गर्दा ई-हाजिरीको आधारमा मात्र गर्न सकिनेछ। विहान बेलुकी दुवै समयको हाजिरी भएको दिनको मात्र खाजा खर्च भुक्तानी गर्नुहुन।

५) प्लास्टिकबाट हुने वातावरण र पर्यावरणीय असर न्यूनीकरण गर्न, पानीजन्य सरुवा रोगको जोखिम कम गर्ने कार्यमा टेवा पुर्याउन एवं बजारी मिनरल वाटर तथा जारको पानीमाथिको निर्भरता कम गर्नका लागि सम्पूर्ण कार्यालयहरुले RO water purifier अनिवार्य जडान गरी कार्यालयमा स्टिलको बोतलबाट पिउने गरी शुद्ध पिउने पानीको व्यवस्थापन गर्नुहुन।

६) व्यक्तिगत प्रयोजनका लागि वा सार्वजनिक विदाको दिनमा वा कार्यालयको कामबाहेकको प्रयोजनमा सरकारी सवारी साधन र इन्धन प्रयोग नगर्नुहुन।

७) कार्यक्रमतर्फ विनियोजित रकमबाट इन्धनवापतको रकम भुक्तानी नगर्नुहुन।

८) स्थायी र दरबन्दीभित्रका करार कर्मचारीको तलब, अनिवार्य दायित्व र प्रदेशमा प्रचलित नियम कानूनको परिधि भित्रका भत्ता/खर्च, पानी, बिजुली र सञ्चार महशुलका हकमा अपुग भएको प्रमाणित भएको खण्डमा मात्र बजेट व्यवस्थापन हुने भएको हुँदा उल्लिखित क्रियाकलापमा मात्र रकमान्तर प्रस्ताव गर्नुहुन। असोज महिना अगाडि रकमान्तरको व्यवस्था नभएकाले पहिलो त्रैमासिकमा रकमान्तर प्रस्ताव नगर्नुहुन।

९) अन्य कार्यालय सञ्चालन सम्बन्धी चालु खर्च शीर्षकहरुमा विनियोजित बजेटभित्रबाटै व्यवस्थापन हुने गरी क्रियाकलाप कार्यान्वयन योजना बनाउनुहुन।

१०) स्रोत सुनिश्चित नभईकन दरबन्दीबाहेकको करारमा कर्मचारी नियुक्ति गरी कामकाजमा खटाउँदा भविष्यमा कर्मचारी पारिश्रमिकका लागि बजेट व्यवस्थापनको सुनिश्चितता नहुने हुँदा त्यस्तो अनियमित गतिविधि नगर्नुहुन।

११) कार्यालयको काममा भ्रमणमा जाँदा अनिवार्य रुपमा भ्रमणको उद्देश्य स्पष्ट उल्लेख भएको भ्रमण लगबुकमा अद्यावधिक गर्नुहुन।

१२) गाडी तथा दुईपाङ्ग्रे सवारी साधनको बीमा तथा नवीकरण (Full) समयमा भुक्तानी गर्नुपर्नेछ र समयमा नतिरी दस्तुर जरिवाना तिर्नुपर्ने भएमा कार्यालय प्रमुख स्वयं जिम्मेवार हुनुपर्नेछ।

१३) दैनिक भ्रमण भत्ता भर्दा यातायात व्यवस्था विभागमा सार्वजनिक गरिएको भाडादर अनुसारको यातायात खर्च भर्ने व्यवस्था मिलाउनुपर्नेछ वा सुनिश्चित गर्नुपर्नेछ।

१४) नियमानुसार सुविधामा प्राप्त हुने हकमा बाहेक अन्य कर्मचारीले व्यक्तिगत प्रयोजनका लागि कार्यालयको विद्युत उपभोग गर्दा अनिवार्य सवमिटर जडान गरी सोहीअनुसार व्यक्तिगत भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

१५) "स्वास्थ्य सामग्री प्रसारण" कार्यक्रमका लागि बजेट विनियोजन भएका कार्यालयले आफ्नो जिल्लाको प्रमुख स्वास्थ्य समस्या र समसामयिक स्वास्थ्य समस्या सम्बोधन हुने गरी सिर्जनात्मक स्वास्थ्य सामग्रीहरु बढीभन्दा बढी नागरिकको पहुँचमा पुग्ने गरी प्रसारण गर्नुपर्नेछ र सोको भिडियो/अडियो कपी मन्त्रालयमा समेत पेस गर्नुपर्नेछ।

**कार्यक्रमतर्फः**

१. स्वीकृत कार्यक्रमहरुको एकरुपता एवं प्राविधिक सहजीकरणका लागि यस निर्देशिका तयार भएको हुनाले यसै निर्देशिकाले तोकेबमोजिम नै कार्यक्रम सञ्चालनको व्यवस्था गर्नुपर्नेछ। यस मार्गदर्शनमा उल्लिखित कुराहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ र कार्यान्वयनमा समन्वयकारी भूमिका फोकल पर्सनको हुनेछ।

२. कार्यक्रम सञ्चालनका लागि क्षेत्रगत फोकल व्यक्ति तोकी सोको जानकारी मन्त्रालय तथा निर्देशनालायलाई गराउनुपर्नेछ र सो फोकल व्यक्तिलाई सम्बद्ध क्षेत्रको कार्यक्रम गर्ने मात्र नभई आफ्नो जिम्मेवारीमा परेको क्षेत्रको तथ्याङ्क सङ्कलन गर्ने, स्थानीय तहका क्रियाकलापहरु सञ्चालनमा आवश्यक सहजीकरण गर्ने, त्यस क्षेत्रसँग सम्बन्धित क्षेत्रका नीति, निर्देशिका, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता, लक्ष्यहरु स्थानीय तहसम्मै शेयर गर्ने, स्थानीय तहलाई यस क्षेत्रका gap पहिचान गर्न सहयोग गर्ने र रेकर्डिङ्ग रिपोर्टिङ्ग चुस्त राख्र निरन्तर नियमन तथा पृष्ठपोषण गर्ने सम्मका क्रियाकलाप गर्न कार्यालयप्रमुखले निर्देशन गर्नुपर्नेछ।

३. यस मार्गदर्शन अनुरुप प्रत्येक कार्यालयले आफ्नो कार्यालयमा विनियोजित बजेटअनुसारको कार्यक्रम सञ्चालन कार्ययोजना बनाई अख्तियार प्राप्त व्यक्तिबाट स्वीकृत गर्नुपर्नेछ जसमा कम्तीमा पनि कार्यक्रमको बेहोरा,

समयसीमा, सञ्चालन प्रक्रियामा बजेट विभाजन, जिम्मेवार शाखा वा व्यक्ति अनिवार्य तोक्नुपर्नेछ र वर्षभरीको कार्यक्रम क्यालेन्डर बनाई सो अनुरुप कार्य गर्नुपर्नेछ।

४. प्रत्येक कार्यक्रम सुरू गर्नुपूर्व कार्यक्रम सञ्चालन प्रक्रिया, अनुमानित खर्च, सहभागी तथा स्रोतव्यक्ति, सहजकर्ता विवरण, कार्यक्रम सञ्चालन हुने स्थान र मिति उल्लिखित टिप्पणी आदेश स्वीकृत भएपश्चात् कार्यक्रम सञ्चालन गर्नु गराउनुपर्नेछ।

५. प्रत्येक कार्यक्रम सञ्चालन गर्दा गराउँदा कार्यक्रमको प्रकृति र बजेटको परिधिभित्र रही प्रचलित **"सार्वजानिक खरिद ऐन, २०६३"**, **"सार्वजानिक खरिद नियमावली २०६४"**, "भ्रमण ऐन, नियमावली, आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं.१ को प्रचलित **"सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका"**(कुनै ऐन,नियमावली, कार्यविधि, निर्देशिका नयाँ निर्माण भएको सोही अनुसार समेत) बमोजिम गर्नुपर्नेछ।

६. **प्रदेश स्वास्थ्य तालिम केन्द्र र तालिम प्रदान गर्ने निकायको हकमाः**

  क. स्वास्थ्य तालिम केन्द्रबाट सञ्चालन हुने सम्पूर्ण तालिमका लागि आ.व.को सुरुमा प्रदेश मातहतका प्रत्येक अस्पताल तथा कार्यालयमा कार्यरत कर्मचारीको अनिवार्य प्राथमिकताका आधारमा तालिम अनुसार सूची तयार पारी तालिमको तालिका बनाउनुपर्नेछ।

  ख. तालिम सञ्चालनका लागि प्रदेश भित्र तालिम साइट नभए वा भएका साइटहरूले गुणस्तर मापदण्ड पूरा नगरेको भए प्रदेश बाहिर रहेको तालिम साइट खुलाई टिप्पणी स्वीकृत गराएर मात्र प्रदेश बाहिर तालिम सञ्चालन गर्नुपर्नेछ। यसरी प्रदेश बाहिर तालिम सञ्चालन गर्नु पर्ने भएमा स्वास्थ्य मन्त्रालयसँग राय लिई सञ्चालन गर्नुपर्नेछ।

१०. कार्यक्रमको प्रगतिको अवस्था (पटक, परिमाण, लाभग्राही सङ्ख्या, प्रमूख उपलब्धि, वित्तीय प्रगति लगायत गुणात्मक र परिमाणात्मक तथ्याङ्क समावेश गरी) तोकिएको ढाँचामा त्रैमासिक र वार्षिक रुपमा स्वास्थ्य मन्त्रालय र मन्त्रालयको नीति योजना तथा समन्वय शाखाको इमेल yojana.moh@p1.gov.np मा र स्वास्थ्य निर्देशनालयमा पेस गर्नुपर्नेछ।

११. यो मार्गदर्शन साथै कार्यालयबाट बनाइएको कार्ययोजना अनुरुप कार्यक्रम सञ्चालनको अनुगमन एवं सहजीकरणको व्यवस्था स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयले गर्नुपर्नेछ

## विषयसूची


**क्रियाकलाप (कोड)/खर्च शीर्षकः** परिवार नियोजन सेवाका लागि IUCD, Implant साधनको व्यवस्थापन सहित तालिम (२.६.४.१२)/ २२५१२ 1

**क्रियाकलाप(कोड)/खर्च शीर्षकः** ग्रामिण अल्ट्रासाउण्ड तालिम (२.६.४.२४)/ २२५१२ २

**क्रियाकलाप(कोड)/खर्च शीर्षकः** बर्थिङ्ग सेन्टर तथा अस्पतालमा कार्यरत नर्सिङ्ग स्वास्थ्यकर्मीहरुलाइ SBA तालिम (२.६.४.२६)/ २२५१२ ४

**क्रियाकलाप(कोड)/खर्च शीर्षकः** सुरक्षित गर्भपतन सेवा विस्तारका लागि MA तालिम (२.६.४.३०)/ २२५१२ ६

**क्रियाकलाप(कोड)/खर्च शीर्षकः** सुरक्षित गर्भपतन सेवा विस्तारका लागि CAC तालिम (२.६.४.३१)/२२५१२ ७

**क्रियाकलाप(कोड)/खर्च शीर्षकः** स्वस्थ्य बुढ्यौली प्रबद्धनका लागि geriatric care तालिम (२.६.४.२३)/२२५१२ ८

**क्रियाकलाप(कोड)/खर्च शीर्षकः** जिल्लाहरुमा TIMS को अभिमुखीकरण (२.६.४.४९)/२२५१२ ९

**क्रियाकलाप(कोड)/खर्च शीर्षकः** Post Training Follow up (२.६.४.५०)/ २२५१२ १०

**क्रियाकलाप(कोड)/खर्च शीर्षकः** Training Site Accreditation and Expansion (२.६.४.५१)/२२५१२ १२

**क्रियाकलाप(कोड)/खर्च शीर्षकः** तालिम गुणस्तर सुधारका लागि तालिम केन्द्र र तालिम साइटहरुबिच अन्तरक्रिया (२.७.२२.१५६७)/२२५२२ १३

**क्रियाकलाप(कोड)/खर्च शीर्षकः** विद्यालय नर्सलाई मानसिक स्वास्थ्य, आयुर्वेद तालिम प्याकेज निर्माण (२.६.४.५२), २२५१२ १४

**क्रियाकलाप(कोड)/खर्च शीर्षकः** Mental health module २A २B तालिम (२.६.४.५४)/२२५१२ १५

**क्रियाकलाप(कोड)/खर्च शीर्षकः** आयुर्वेद चिकित्सकलाई क्षारसुत्र शल्य सम्बन्धी तालिम (२.६.४.३४)/ २२५१२ १

**क्रियाकलाप (कोड)/खर्च शीर्षकः** स्वास्थ्यकर्मीहरुका लागि जलन सम्बन्धी तालिम (२.६.४.३५)/ २२५१२ १

**क्रियाकलाप(कोड)/खर्च शीर्षकः** Dialysis सेवाका लागि नर्सिंङ स्वास्थ्यकर्मीलाई क्षमता अभिवृद्धि तालिम (२.६.४.४५)/ २२५१२ २

**क्रियाकलाप(कोड)/खर्च शीर्षकः** जिल्ला अस्पताल सेवा विस्तारका लागि CSSP Training (२.६.४.४६)/ २२५१२ ३

**क्रियाकलाप(कोड)/खर्च शीर्षकः** Ambulance Driver लाई First Aid Training (२.६.४.४७)/ २२५१२ ५

**क्रियाकलाप (कोड)/खर्च शीर्षकः** परिवार नियोजन सेवाका लागि **IUCD, Implant** साधनको व्यवस्थापन सहित तालिम **(**२.६.४.१२**)/** २२५१२

| | |
|---|---|
| **परिचय** | नेपाल सरकारको सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्य (SMNH) Roadmap 2030 तथा दिगो विकास लक्ष्य (SDG) २०३० को लक्ष्यअनुसार मातृ तथा नवजात शिशुको मृत्युदर घटाई सबै नागरिकलाई गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवा सुनिश्चित गर्न परिवार नियोजन सेवाको पहुँच र गुणस्तर अभिवृद्धि गर्नु आवश्यक छ। सोही उद्देश्यअनुरूप स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि गर्दै IUCD तथा Implant लगायत दीर्घकालीन अस्थायी परिवार नियोजन सेवाको गुणस्तरीय तथा सुरक्षित सेवा विस्तारका लागि यो तालिम सञ्चालन गरिनेछ। |
| **उद्देश्य** | यस तालिमको उद्देश्य स्वास्थ्यकर्मीहरूलाई IUCD तथा Implant सेवासम्बन्धी अद्यावधिक ज्ञान, व्यवहारिक सीप तथा सामग्री व्यवस्थापनसम्बन्धी क्षमता विकास गरी गुणस्तरीय परिवार नियोजन सेवा प्रदान गर्न सक्षम बनाउनु हो। यसबाट सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्य (SMNH) Roadmap 2030 कार्यान्वयनमा सहयोग पुग्नुका साथै दिगो विकास लक्ष्य ३.१ (मातृ मृत्युदर घटाउने), ३.७ (यौन तथा प्रजनन स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने) तथा ३.८ (Universal Health Coverage) हासिल गर्न योगदान पुग्नेछ। |
| **अपेक्षित उपलब्धि** | तालिम सम्पन्न भएपछि स्वास्थ्यकर्मीहरू IUCD तथा Implant सेवा सुरक्षित तथा गुणस्तरीय रूपमा प्रदान गर्न सक्षम हुनेछन्। स्वास्थ्य संस्थाहरूमा दीर्घकालीन अस्थायी परिवार नियोजन सेवाको पहुँच, उपयोग तथा गुणस्तरमा वृद्धि हुनेछ। परिवार नियोजन सामग्री व्यवस्थापन, अभिलेखीकरण तथा प्रतिवेदन प्रणाली सुदृढ हुनेछ। यसबाट अनिच्छित गर्भधारण, असुरक्षित गर्भपतन तथा मातृ तथा नवजात शिशुसम्बन्धी जोखिम न्यूनीकरण भई SDG 2030 तथा SMNH Roadmap 2030 का लक्ष्यहरू प्राप्त गर्न सहयोग पुग्नेछ। |
| **सञ्चालन प्रक्रिया** | यो तालिम राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रद्वारा स्वीकृत पाठ्यक्रम, नेपाल सरकारका प्रचलित मापदण्ड तथा परिवार नियोजन सेवा सञ्चालन निर्देशिकाअनुरूप सञ्चालन गर्नुपर्नेछ।तालिम सञ्चालनका लागि स्वास्थ्य निर्देशनालय, जिल्ला अस्पताल, स्वास्थ्य कार्यालय तथा स्थानीय तहसँग आवश्यक समन्वय गरिनेछ। सहभागी छनोट गर्दा तालिमको अभावका कारण IUCD तथा Implant सेवा सञ्चालन हुन नसकेका स्वास्थ्य संस्था वा अस्पताललाई प्राथमिकता दिनुपर्नेछ। दक्ष प्रशिक्षकमार्फत् सैद्धान्तिक तथा व्यवहारिक प्रशिक्षण सञ्चालन गरिनेछ। तालिम सम्पन्न भएपछि प्रमाणपत्र वितरण गरी निर्धारित ढाँचामा कार्यक्रमको प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेस गर्नुपर्नेछ। |
| **प्रतिवेदन** | तालिम सम्पन्न भएपछि सहभागी विवरण, सञ्चालन प्रक्रिया, उपलब्धि, वित्तीय विवरण, चुनौती, सिकाइ तथा सुझाव सहित विस्तृत प्रतिवेदन तयार गरी स्वास्थ्य विषय हेर्ने मन्त्रालय तथा सम्बन्धित निकायमा पेस गर्नुपर्नेछ।तालिम लिएका स्वास्थ्यकर्मीहरुको विवरण वेबसाइटमा समेत अपडेट गर्नुपर्नेछ। |

**क्रियाकलाप(कोड)/खर्च शीर्षकः** ग्रामिण अल्ट्रासाउण्ड तालिम (२.६.४.२४)/ २२५१२

| | |
|---|---|
| **परिचय** | दुर्गम तथा भौगोलिक विकट क्षेत्रमा बसोबास गर्ने गर्भवती महिलाहरूको गर्भ सम्बन्धी जटिलताहरूलाई समयमा नै पत्ता लगाई उचित व्यवस्थापन तथा प्रेषण गर्नका लागि यो कार्यक्रम राखिएको हो। भौगोलिक विकट क्षेत्रमा रहेका गर्भवती महिलाहरूको पहुँचमा यो प्रविधि सहितको सेवा पुर्याउन सके गर्भावस्थामा हुन सक्ने जटिलताहरूको समयमा पहिचान र व्यवस्थापन गरी महिलाको स्वास्थ्यमा सुधार गरी मातृ तथा नवशिशुको मृत्युदरलाई कम गर्न सकिन्छ। यसै अवधारणा अनुसार नर्सिङ स्टाफहरूलाई गर्भवती महिलाहरूको Portable Ultrasound Machine को सहयोगले गर्भको Scanning गर्न सक्षम बनाउन २१ दिन अवधिको यो Rural Obstetric Ultrasound (ROUSG) तालिम कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | गुणस्तरीय गर्भवती सेवा विस्तार गरी गर्भावस्थाको जटिलता समयमै पहिचान गरी रिफर गर्ने। |
| **अपेक्षित उपलब्धि** | • ग्रामीण क्षेत्रमा गर्भवती अवस्थामा आवश्यक पर्ने scanning सेवा विस्तार भएको हुनेछ।<br>• बर्थिङ सेन्टरबाट जटिलता पहिचान भई समयमै रिफर हुने दरमा वृद्धि भएको हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | १. तालिम सञ्चालन गर्नुपूर्व यस तालिम कार्यक्रमको आवश्यकता पहिचान गर्नुपर्नेछ। यसका लागि ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम सञ्चालन भइरहेका, सञ्चालन तयारीमा रहेका र सञ्चालन नै नभएका स्थानीय तह पहिचान गर्नुपर्नेछ। यसरी स्थानीय तहको विवरण सङ्कलन पश्चात् प्रदेश स्वास्थ्य तालिम केन्द्रको वेबसाइट मार्फत् तालिमको माग सङ्कलन गर्नुपर्नेछ।<br>२. सङ्कलन भएका मागको आधारमा सेवा प्रदान गर्न मेसिन खरिद गरी तयार रहेका तर तालिम प्राप्त जनशक्तिको अभावमा सेवा अवरुद्ध भएका स्थानीय तहहरूलाई प्राथमिकताको आधारमा तालिममा छनोट गर्नुपर्नेछ।<br>३. छनोट गरिएका स्थानीय तहबाट सहभागी बोलाउँदा दुर्गम तथा भौगोलिक विकट क्षेत्रमा रहेका आधारभूत अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकीमा कार्यरत एस.बि.ए. तालिम प्राप्त नर्सिङ स्टाफहरू (अ.न.मी. र स्टाफ नर्स) छनोट गर्नुपर्नेछ। ग्रामीण अल्ट्रासाउण्डको तालिम जिल्ला अस्पतालमा कार्यरतलाई दिइनेछैन भने स्थानीय तहका पनि प्रत्यक्ष सेवा प्रदायक मात्र तालिममा सहभागी हुन पाउनेछन्।<br>४. सहभागीले तालिममा आउँदा आफ्नो स्थानीय तहबाट खरिद भएको पोर्टेबल अल्ट्रासाउण्ड मेसिन अनिवार्य लिएर आउनुपर्नेछ। पोर्टेबल अल्ट्रासाउण्ड मेसिन नभएका स्थानीय तहलाई तालिममा समावेश गराउन पाइनेछैन।<br>५. तालिम सञ्चालन प्रदेशमा रहेका सूचीकृत तालिम साइटहरूमा सञ्चालन हुनेछन् र तालिमको आर्थिक खर्च नियमानुसार नै गर्नुपर्नेछ।<br>६. तालिम पश्चात् follow up गरी यसभन्दा अघि तालिम लिएकासमेतको रेकर्ड मागी तालिम पश्चात् दिइएको सेवा गुणस्तरको भए नभएको यकिन गरी स्वास्थ्य विषय हेर्ने मन्त्रालयमा रिपोर्टिङ गर्नुपर्नेछ। |

| | |
|---|---|
| | |
| **अभिलेखन/ प्रतिवेदन** | तालिम सम्पन्न भएपछि सहभागी विवरण, सञ्चालन प्रक्रिया, उपलब्धि, वित्तीय विवरण, चुनौती, सिकाइ तथा सुझाव सहित विस्तृत प्रतिवेदन तयार गरी स्वास्थ्य विषय हेर्ने मन्त्रालय तथा सम्बन्धित निकायमा पेस गर्नुपर्नेछ। तालिम लिएका स्वास्थ्यकर्मीहरुको विवरण वेबसाइटमा समेत अनिवार्य अपलोड गर्नुपर्नेछ। |

| | |
|---|---|
| **क्रियाकलाप(कोड)/खर्च शीर्षक:** बर्थिङ्ग सेन्टर तथा अस्पतालमा कार्यरत नर्सिङ्ग स्वास्थ्यकर्मीहरुलाइ **SBA** तालिम (२.६.४.२६)/ २२५१२ | |
| **परिचय** | नेपाल सरकारको सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत गर्भावस्था, प्रसूति तथा सुत्केरी अवस्थाको गुणस्तरीय सेवा सुनिश्चित गरी मातृ तथा नवजात शिशुको मृत्यु तथा बिरामीपन घटाउने उद्देश्यले दक्ष प्रसूति सेवा प्रदायक (Skilled Birth Attendant) जनशक्ति उत्पादन तथा क्षमता अभिवृद्धि गर्न **SBA/SHP Modular Training** सञ्चालन गर्नुपर्नेछ। यस तालिममार्फत् स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा नर्सिङ जनशक्तिलाई राष्ट्रिय सुरक्षित मातृत्व कार्यक्रम, प्रसूति तथा नवजात शिशु व्यवस्थापन, आपतकालीन प्रसूति सेवा, संक्रमण रोकथाम, मातृ तथा नवजात पुनर्जीवन लगायतका विषयमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान, सीप र दक्षता अभिवृद्धि गराई गुणस्तरीय सुरक्षित मातृत्व सेवा प्रदान गर्न सक्षम बनाइनेछ। |
| **उद्देश्य** | गुणस्तरीय सुरक्षित मातृत्व तथा नवजात शिशु सेवा विस्तारका लागि दक्ष स्वास्थ्यकर्मी उत्पादन तथा सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गर्नु। |
| **अपेक्षित उपलब्धि** | • स्वास्थ्य संस्थाहरूमा दक्ष SBA/SHP सेवा प्रदायकको संख्या वृद्धि भएको हुनेछ।<br>• संस्थागत प्रसूति सेवा तथा सुरक्षित प्रसूति सेवाको गुणस्तरमा सुधार भएको हुनेछ।<br>• मातृ तथा नवजात शिशुमा हुने जटिलताको समयमै पहिचान, व्यवस्थापन तथा आवश्यकतानुसार प्रेषण (Referral) प्रभावकारी भएको हुनेछ।<br>• मातृ तथा नवजात शिशुको मृत्यु तथा बिरामीपनमा कमी आउन सहयोग पुगेको हुनेछ। |
| **कार्यक्रम सञ्चालन प्रक्रिया** | स्वास्थ्य तालिम केन्द्रले विनियोजित बजेटको परिधिमा रही खर्चको बाँडफाँड टिप्पणी निर्देशक/प्रमुखबाट स्वीकृत गराई कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ। सहभागीको मापदण्ड अनुसार प्रदेश स्थित स्वास्थ्य विषय हेर्ने मन्त्रालय, निर्देशनालयसँग समन्वय गरी एक ब्याचका लागि १२ जना नर्सिङ कर्मचारी सहभागी छनोट गर्नुपर्नेछ। प्रशिक्षणका लागि उपयुक्त संस्थामा राष्ट्रिय स्वास्थ्य तालिम प्रणालीबाट SHP SBA Modular Training Trainers Update लिएका प्रशिक्षकहरू सुनिश्चित गर्नुपर्नेछ। राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट सूचीकृत/प्रत्यायन भएको क्लिनिकल तालिम साइटको उपलब्धता सुनिश्चित गरी तालिम सञ्चालन गर्ने साइट छनोट गर्नुपर्नेछ। तालिमका लागि आवश्यक पाठ्यक्रममा उल्लेख भए बमोजिमका तालिम सामग्री, सिमुलेसन सिकाइका लागि म्यानिकिन/एनाटोमिकल मोडेल लगायतका सामग्रीहरू अग्रिम सुनिश्चित गर्नुपर्नेछ।<br><br>**तालिम सञ्चालन**<br>स्वास्थ्य तालिम केन्द्रबाट मोडेल अनुसारको उपयुक्त सहभागीको उपलब्धता र बजेटको परिधिभित्र रही निम्नानुसारको निरन्तर **Block Model** मा तालिम सञ्चालन गर्नुपर्नेछ। राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रद्वारा स्वीकृत Block Model |

| | |
|---|---|
| | • **Block A = Module One** (१२ दिन) + **Module Two** (४ दिन) + **Module Three** (२० दिन) गरी जम्मा **३६ कार्यदिन**<br>• **Block B = Module One** (१२ दिन) + **Module Two** (४ दिन) + **Module Three** (२० दिन) + **Module Four** (१५ दिन) गरी जम्मा **५१ कार्यदिन**<br>• हरेक मोडुलको समाप्ति पछि एक दिन बिदा दिनुपर्नेछ। |
| **अभिलेखकरण/ प्रतिवेदन** | सहभागीहरुले राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले जारि गरेको अनलाइन/तालिम रजिष्ट्रसेन फाराम भर्नुपर्नेछ ।हरेक मोडुलको समाप्तिसंगै सर्टिफिकेट जारी गर्नुपर्नेछ।<br>तालिम सम्पन्न भएपछि सहभागी विवरण, सञ्चालन प्रक्रिया, उपलब्धि, वित्तीय विवरण, चुनौती, सिकाइ तथा सुझाव सहित विस्तृत प्रतिवेदन तयार गरी स्वास्थ्य विषय हेर्ने मन्त्रालय तथा सम्बन्धित निकायमा पेस गर्नुपर्नेछ।सहभागीको विवरण अनिवार्य वेबसाइटमा अपलोड गर्नुपर्नेछ। |



स्वीकृत मितिः २०८३।०४।२५

| **क्रियाकलाप(कोड)/खर्च शीर्षकः** सुरक्षित गर्भपतन सेवा विस्तारका लागि **MA** तालिम (२.६.४.३०)/ २२५१२ | |
|---|---|
| | नेपाल सरकारले सुरक्षित गर्भपतनलाई महिलाको प्रजनन अधिकारका रूपमा मान्यता दिएको छ। सुरक्षित तरिकाले गर्भपतन सेवा उपलब्ध गराउनु महिला स्वास्थ्य सुधारको एक महत्वपूर्ण अङ्ग हो। सुरक्षित गर्भपतन सेवामा औषधिबाट गरिने गर्भपतन (Medical Abortion) एक सरल, प्रभावकारी र कम जोखिमयुक्त विधि हो, जसलाई स्वास्थ्य संस्था तथा समुदाय स्तरसम्म विस्तार गर्न सकिने भएकाले यसको प्रयोग दिनानुदिन बढ्दै गएको छ। |
| **उद्देश्य** | नर्सिङ्ग स्टाफको सीप, दक्षता तथा क्षमता विकास गरी असुरक्षित गर्भपतन र त्यसबाट हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्नु। |
| | स्थानीय तहका स्वास्थ्य संस्थाहरूमा सुरक्षित गर्भपतन सेवा विस्तार भएको हुनेछ। |
| **कार्यक्रम सञ्चालन प्रक्रिया** | १.तालिम सञ्चालन गर्नुअघि यस तालिमको आवश्यकता पहिचान गर्नुपर्नेछ। यसका लागि सुरक्षित गर्भपतन सेवा सञ्चालन भइरहेका, सञ्चालनको तयारीमा रहेका तथा सञ्चालन नभएका स्थानीय तहको पहिचान गर्नुपर्नेछ। यसरी स्थानीय तहको विवरण सङ्कलन भएपछि प्रदेश स्वास्थ्य तालिम केन्द्रको वेबसाइटमार्फत् तालिमको माग सङ्कलन गर्नुपर्नेछ।<br>२. तालिममा सहभागी छनोट गर्दा सेवा प्रदायक नभएका सूचीकृत साइटहरूलाई प्राथमिकता दिई सहभागी गराउनुपर्नेछ। तालिम नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भई सम्बन्धित संस्थामा कार्यरत नर्सिङ्ग कर्मचारीलाई मात्र प्रदान गर्न सकिनेछ।<br>३. तालिम राष्ट्रिय वा प्रदेश स्वास्थ्य तालिम केन्द्रले सूचीकृत गरेका तालिम साइटहरूमा सञ्चालन गर्नुपर्नेछ।<br>४. तालिमको अवधि ५ दिनको हुनेछ। तालिममा सेवाग्राहीको चापका आधारमा बढीमा ६ जनासम्म सहभागी समावेश गर्न सकिनेछ।<br>५.तालिम सञ्चालन गर्नुपूर्व कार्यालयले तोकेका कर्मचारीले त्रैमासिक लक्ष्य तथा विनियोजित बजेटको परिधिभित्र रही खर्चको बाँडफाँट टिप्पणी स्वीकृत गराई मापदण्डअनुसार सहभागी तथा प्रशिक्षकहरूको व्यवस्थापन गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। तालिम सम्पन्न भएपछि सहभागीहरूमार्फत् प्रजनन स्वास्थ्य नियमावलीमा तोकिएअनुसार सेवा दिने संस्था सूचीकृत हुनुपर्ने जानकारीसहितको पत्र स्थानीय तहलाई पठाउनुपर्नेछ। |
| **अभिलेखीकरण/ प्रतिवेदन** | सहभागीहरूले स्वास्थ्य तालिम केन्द्रले जारी गरेको तालिम रजिस्ट्रेसन फाराम भरी पेस गर्नुपर्नेछ। सो फाराम स्वास्थ्य तालिम केन्द्रले TIMS सफ्टवेयरमा प्रविष्ट गरी सफलतापूर्वक तालिम हासिल गरेका सहभागीहरूलाई मात्र प्रमाणीकरण गर्नुपर्नेछ। तालिम लिएका सहभागीहरुको विवरण अनिवार्य वेबसाइटमा अपलोड गर्नुपर्नेछ। |

| **क्रियाकलाप(कोड)/खर्च शीर्षकः** सुरक्षित गर्भपतन सेवा विस्तारका लागि CAC तालिम (२.६.४.३१)/२२५१२ | |
|---|---|
| **परिचय** | कोशी प्रदेशका अस्पतालहरूमा १२ हप्तासम्मको सुरक्षित गर्भपतन सेवा विस्तार गर्न मेडिकल अधिकृत तथा स्टाफ नर्सहरूको क्षमता विस्तारका लागि यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | सुरक्षित गर्भपतन सेवालाई सहज रूपमा उपलब्ध गराई असुरक्षित गर्भपतन र यसका जटिलताहरूलाई न्यूनीकरण गर्ने। |
| **अपेक्षित उपलब्धि** | १२ हप्तासम्मको सुरक्षित गर्भपतन सेवा प्रदेशका सबै अस्पतालहरूमा उपलब्ध हुनेछ। |
| **कार्यक्रम सञ्चालन प्रक्रिया** | १.प्रदेश तथा स्थानीय तहका अस्पतालहरूसँग समन्वय गरी तालिमको आवश्यकताको पहिचान गर्नुपर्नेछ।<br>२. आवश्यकता सङ्कलन पश्चात् सेवाग्राहीको चाप, अर्को सेवाप्रदायक संस्थाको दूरी एवं अस्पतालमा उपलब्ध तालिमप्राप्त जनशक्तिको आधारमा आवश्यक पर्ने अस्पतालहरूको प्राथमिकीकरण गर्नुपर्नेछ।<br>३. प्राथमिकीकरण गरेका अस्पतालहरूबाट नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका, स्थायी कर्मचारी वा सोही अस्पतालमा कम्तीमा पनि १.५ वर्ष कार्य गर्ने अवधि बाँकी रहेका करारका चिकित्सकहरूलाई प्राथमिकता दिई तालिममा सहभागी गराउनुपर्नेछ।<br>४. प्रदेश स्वास्थ्य तालिम केन्द्रले राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको सुरक्षित गर्भपतन तालिम सञ्चालन निर्देशिकाअनुसार तालिम सञ्चालन गर्नेछ।<br>५. सहभागीको सूची तयार गर्दा पहिलो चरणमा प्रदेश मातहतका अस्पतालमा कम्तीमा २ जना हुनेगरी र त्यसपछि हिमाली र पहाडी जिल्लाका धेरै असुरक्षित गर्भपतन हुने गरेका दुर्गम स्वास्थ्य संस्थाहरूलाई प्राथमिकतामा राखेर तयार गर्नुपर्नेछ।<br>६. पहिला तालिम लिइसकेका स्वास्थ्यकर्मीलाई तालिममा सहभागी गराउन पाइने छैन।<br>७. तालिम अवधि मेडिकल अफिसरहरुका लागि १० दिनको हुनेछ भने स्टाफ नर्स वा नर्सिङ्ग अधिकृतहरुका लागि १४ दिनको हुनेछ र विनियोजित बजेटबाट २ वटा तालिम सञ्चालन गर्नुपर्नेछ। तालिम सञ्चालन गर्न आवश्यक समन्वय सम्बन्धित अस्पतालहरूसँग गर्नुपर्नेछ।<br>८. सहभागीले तालिम पश्चात् कार्य गर्ने संस्थामा त्यसैले पश्चात् संस्था सूचीकृत नभएको अवस्थामा व्यक्ति एवं संस्था दुवै सूचीकृतको प्रक्रिया अघि बढाउनुपर्नेछ। |
| **प्रतिवेदन** | सहभागीहरूले प्रदेश स्वास्थ्य तालिम केन्द्रले जारी गरेको तालिम रजिष्ट्रेसन फारम भर्नु पर्नेछ र सो फारम प्रदेश स्वास्थ्य तालिम केन्द्रले TIMS सफ्टवेयरमा प्रविष्ट गरी सफलतापूर्वक तालिम हासिल गर्ने सहभागीहरूलाई मात्र प्रमाणीकरण गर्नुपर्नेछ।<br>तालिम सम्पन्न भएपछि सहभागी विवरण, सञ्चालन प्रक्रिया, उपलब्धि, वित्तीय विवरण, चुनौती, सिकाइ तथा सुझाव सहित विस्तृत प्रतिवेदन तयार गरी स्वास्थ्य विषय हेर्ने मन्त्रालय तथा सम्बन्धित निकायमा पेस गर्नुपर्नेछ। तालिम लिएका सहभागीहरुको विवरण अनिवार्य वेबसाइटमा अपलोड गर्नुपर्नेछ। |

| **क्रियाकलाप(कोड)/खर्च शीर्षकः** स्वस्थ्य बुढ्यौली प्रबद्धनका लागि **geriatric care** तालिम (२.६.४.२३)/२२५१२ | |
|---|---|
| **परिचय** | नेपालको संविधानको धारा ४१ ले ज्येष्ठ नागरिकको हकलाई मौलिक हकको रुपमा परिभाषित गर्नुका साथै ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको प्रत्याभूति हुनुपर्ने कुरा समेत उल्लेख भएको छ भने जनस्वास्थ्य ऐन, २०७५ ले ज्येष्ठ नागरिक सम्बन्धी स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवा अन्तर्गत समावेश गरेको छ। ज्येष्ठ नागरिकहरूको स्वास्थ्य आवश्यकताहरू अरु उमेर समूहको भन्दा फरक हुने भएकोले ज्येष्ठ नागरिकहरू लक्षित स्वास्थ्य प्रवर्द्धनात्मक, प्रतिकारात्मक एवं उपचारात्मक सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरूमा कार्यरत स्वास्थ्यकर्मीहरूको क्षमता विकास गर्न आवश्यक रहेको छ। |
| **उदेश्य** | ज्येष्ठ नागरिकहरूलाई गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गर्ने। |
| **अपेक्षित प्रतिफल** | ICOPE tool को प्रयोग गरी ज्येष्ठ नागरिकहरूको समस्याको पहिचान समयमा नै गरी समाधान तथा प्रेषण गर्ने।<br>ज्येष्ठ नागरिकहरूलाई गुणस्तरिय स्वास्थ्य सेवा सहज रुपमा उपलब्ध भएको हुने। |
| **कार्यक्रम सञ्चालन प्रक्रिया** | १. स्वास्थ्य विषय हेर्ने मन्त्रालयले यस आ.व.मा कोशी प्रदेशको मोरङ्ग जिल्लामा रहेका २ स्थानीय तहहरुमा जेष्ठ नागरिकहरुको लागि स्वास्थ्य प्रवर्द्धन कार्यक्रम पाइलट कार्यक्रमको रुपमा सञ्चालन गर्ने योजना रहेको हुँदा सो स्थानीय तहका स्वास्थ्यकर्मीहरुलाई प्राथमिकतामा राखी यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।<br>२. सो स्थानीय तहका क्राइटेरिया पुगेका सबै स्वास्थ्यकर्मीहरुलाई ई बेस्ड मोड्युलमा समावेश गरी र स्वास्थ्य संस्थाको सेवा प्रवाहमा बाधा नपर्ने गरी एक स्वास्थ्य संस्थाका कम्तीमा २ जना (सम्भव भएसम्म) स्वास्थ्यकर्मीहरुलाई तालिममा समावेश गर्नुपर्नेछ।<br>३. तोकिएको स्थानीय तहका स्वास्थ्यकर्मीका अतिरिक्त प्रदेश अन्तर्गतका अस्पताल तथा स्वास्थ्य संस्थाहरुसंग समन्वय गरी तालिमको LRP मा उल्लेखित मापदण्ड अनुसारको सहभागी छनोट गर्नुपर्नेछ। प्रशिक्षार्थीहरूको छनौट गरि GO IS software (Geriatrics Online learning System - (dohs.gov.np)) बाट ई वेस्ड तालिमको मोडयुल सुरु गर्नको लागि username password प्रदान गर्ने र मोड्युल अध्ययनको लागि बेलाबेलामा उत्प्रेरित गर्नुपर्नेछ।<br>४. सहभागीहरुलाई मोड्युल पठाउनु अगावै प्रशिक्षकहरुसँग समन्वय गरी सो मोड्युलमा सहजीकरण गर्ने वातावरण निर्माण गर्नुपर्नेछ। यसरी सहजीकरण गर्न १ जना प्रशिक्षकलाई ४ देखि ५ जना सहभागी छुट्याई समुह निर्माण गर्नुपर्नेछ। अनलाइन मोड्युल अध्ययनका क्रममा कार्यक्रमका फोकल व्यक्तिले सहभागीले मोडयुलमा दिइएका सबै अभ्यासहरु गरेको सुनिश्चित गर्नुपर्नेछ। |

| | |
|---|---|
| | ५. प्रयोगात्मक अभ्यासका लागि अस्पताल र जेरियाट्रिक केयर सेन्टर होमसँग अग्रिम समन्वय गरी ई बेस्ड तालिमको मोडयुल पास गरेको ८५% सुनिश्चितता भएपछि ६ दिनको तालिम सञ्चालन गर्नुपर्नेछ।<br>६. सहभागीहरूलाई ४ दिन सैद्धान्तिक र २ दिन अस्पताल तथा जेरियाट्रिक केयर होममा प्रयोगात्मक अभ्यास गराउनुपर्नेछ । |
| **अभिलेखीकरण/ प्रतिवेदन** | सहभागीहरुले राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले जारि गरेको अनलाइन/तालिम रजिष्ट्रसेन फाराम भर्नुपर्नेछ। हरेक मोडुलको समाप्ति संगै सर्टिफिकेट जारी गर्नुपर्नेछ।<br>तालिम सम्पन्न भएपछि सहभागी विवरण, सञ्चालन प्रक्रिया, उपलब्धि, वित्तीय विवरण, चुनौती, सिकाइ तथा सुझाव सहित विस्तृत प्रतिवेदन तयार गरी स्वास्थ्य विषय हेर्ने मन्त्रालय तथा सम्बन्धित निकायमा पेस गर्नुपर्नेछ। तालिम लिएका सहभागीहरुको विवरण अनिवार्य वेबसाइटमा अपलोड गर्नुपर्नेछ। |

**क्रियाकलाप(कोड)/खर्च शीर्षकः** जिल्लाहरुमा TIMS को अभिमुखीकरण (२.६.४.४९)/२२५१२

| | |
|---|---|
| **परिचय** | प्रदेशभित्र सञ्चालन हुने स्वास्थ्य सम्बन्धी तालिमहरूको योजना, व्यवस्थापन, अभिलेखीकरण, अनुगमन तथा प्रतिवेदनलाई व्यवस्थित, एकीकृत र डिजिटल प्रणालीमार्फत् सञ्चालन गर्ने उद्देश्यले Training Information Management System (TIMS) को प्रयोगलाई प्रभावकारी बनाउन जिल्लास्तरमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यक्रममार्फत् TIMS प्रयोग गर्ने सम्बन्धित स्वास्थ्यकर्मी तथा कार्यक्रम व्यवस्थापकहरूको क्षमता अभिवृद्धि गरिनेछ। |
| **उद्देश्य** | १. TIMS प्रणालीको उद्देश्य, संरचना तथा कार्यप्रणालीबारे सहभागीहरूलाई अभिमुखीकरण गर्ने।<br>२. तालिम योजना, सहभागी व्यवस्थापन, प्रशिक्षक विवरण, तालिम अभिलेखीकरण तथा प्रतिवेदन प्रणालीमा TIMS को प्रयोगमा सहभागीहरूको क्षमता विकास गर्ने।<br>३. प्रदेश तथा जिल्लास्तरमा TIMS को एकरूप र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने।<br>४. तालिमसम्बन्धी तथ्याङ्कको गुणस्तर, समयमै प्रविष्टि तथा प्रतिवेदन प्रणालीमा सुधार ल्याउने।<br>५. TIMS प्रणालीको नियमित प्रयोग तथा दिगोपन सुनिश्चित गर्ने। |
| **अपेक्षित प्रतिफल** | • सम्बन्धित जिल्लाका स्वास्थ्य कार्यालय तथा स्वास्थ्य संस्थाका जिम्मेवार कर्मचारीहरू TIMS प्रणाली सञ्चालन गर्न सक्षम हुनेछन्।<br>• तालिमसम्बन्धी विवरण समयमै तथा गुणस्तरीय रूपमा TIMS मा प्रविष्ट हुनेछ।<br>• तालिमको अभिलेखीकरण, अनुगमन तथा प्रतिवेदन प्रणाली व्यवस्थित हुनेछ।<br>• प्रदेशस्तरमा TIMS सम्बन्धी तथ्याङ्कको उपलब्धता र उपयोगमा सुधार हुनेछ। |
| **कार्यक्रम सञ्चालन प्रक्रिया** | १. प्रदेश स्वास्थ्य तालिम केन्द्रले सम्बन्धित जिल्ला तथा स्थानीय तहसँग समन्वय गरी सहभागीहरूको छनोट गर्नुपर्नेछ।<br>२. TIMS सञ्चालनसँग सम्बन्धित कर्मचारी तथा फोकल व्यक्तिहरूलाई प्राथमिकता दिई सहभागी |

| | |
|---|---|
| | छनोट गर्नुपर्नेछ।<br>३. राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रद्वारा स्वीकृत TIMS सम्बन्धी पाठ्यसामग्री तथा निर्देशिकाअनुसार अभिमुखीकरण सञ्चालन गरिनेछ।<br>४. अभिमुखीकरणमा TIMS मा Participants Login, User Management, Register Participants, Certification, Reporting तथा अन्य आवश्यक Module सम्बन्धी अभ्यासात्मक (Hands-on) सत्र समावेश गर्नुपर्नेछ।<br>५. अभिमुखीकरण पश्चात् सहभागीहरूले आफ्नो कार्यक्षेत्रमा TIMS प्रणालीको नियमित प्रयोग गर्नुपर्नेछ।<br>६. आवश्यकता अनुसार प्रदेश स्वास्थ्य तालिम केन्द्रबाट प्राविधिक सहयोग तथा Follow-up Support प्रदान गर्न सकिनेछ। |
| **अभिलेखीकरण/ प्रतिवेदन** | कार्यक्रम सम्पन्न भएपश्चात् सोको प्रतिवेदन मन्त्रालयलाई पेस गर्नुपर्नेछ भने तालिम लिएका सहभागीहरुको विवरण अनिवार्य वेबसाइटमा अपलोड गर्नुपर्नेछ। |

| **क्रियाकलाप(कोड)/खर्च शीर्षकः Post Training Follow up (२.६.४.५०)/ २२५१२** | |
|---|---|
| **परिचय** | तालिमबाट प्राप्त ज्ञान, सीप तथा दक्षताको कार्यस्थलमा प्रभावकारी प्रयोग भए/नभएको सुनिश्चित गर्न, सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गर्न तथा तालिमको प्रभावकारिता मूल्याङ्कन गर्न प्रशिक्षणपश्चात् अनुगमन (Post Training Follow-up) गरिनेछ। यस अनुगमनले तालिमको प्रतिफललाई व्यवहारमा रूपान्तरण गर्न आवश्यक प्राविधिक सहयोग, मेन्टरिङ तथा सुधारात्मक कार्यहरू पहिचान गर्न सहयोग पुऱ्याउनेछ। |
| **उद्देश्य** | १. तालिमबाट प्राप्त ज्ञान, सीप तथा दक्षताको कार्यस्थलमा प्रभावकारी प्रयोग भएको सुनिश्चित गर्ने।<br>२. सम्बन्धित स्वास्थ्य संस्थामा सेवा प्रवाहको गुणस्तर तथा राष्ट्रिय मापदण्डको पालना भए/नभएको मूल्याङ्कन गर्ने।<br>३. तालिमप्राप्त स्वास्थ्यकर्मीलाई आवश्यक प्राविधिक सहयोग, मेन्टरिङ तथा कोचिङ उपलब्ध गराउने।<br>४. तालिम सञ्चालनको प्रभावकारिता तथा सेवामा आएको सुधारको मूल्याङ्कन गर्ने।<br>५. आगामी तालिम तथा कार्यक्रम सुधारका लागि प्रमाणमा आधारित सुझाव तथा कार्ययोजना तयार गर्ने। |
| **अपेक्षित प्रतिफल** | • तालिमप्राप्त स्वास्थ्यकर्मीले कार्यस्थलमा सीपको प्रभावकारी प्रयोग गरेको सुनिश्चित हुनेछ।<br>• सम्बन्धित स्वास्थ्य संस्थामा सेवाको गुणस्तरमा सुधार आउनेछ।<br>• सेवा प्रवाहमा देखिएका समस्या तथा चुनौतीहरूको पहिचान गरी समाधानका लागि कार्ययोजना तयार हुनेछ।<br>• तालिमको प्रभावकारिता सम्बन्धी प्रमाणमा आधारित प्रतिवेदन तयार हुनेछ। |

| | |
|---|---|
| | • आवश्यक सुधारात्मक तथा पुनःमेन्टरिङ कार्यक्रम सञ्चालन गर्न आधार तयार हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | १. तालिम सम्पन्न भएको ३ देखि ६ महिनाभित्र सम्बन्धित स्वास्थ्य संस्थामा प्रशिक्षणपश्चात् अनुगमन गरिनेछ।<br>२. अनुगमन प्रदेश स्वास्थ्य विषय हेर्ने मन्त्रालय, स्वास्थ्य तालिम केन्द्र, स्वास्थ्य निर्देशनालय, स्थानीय तह वा सम्बन्धित कार्यक्रमका प्राविधिक प्रतिनिधिहरूको सहभागितामा सञ्चालन गरिनेछ।<br>३. अनुगमनका क्रममा निम्न पक्षहरूको मूल्याङ्कन गरिनेछः<br>• तालिमप्राप्त स्वास्थ्यकर्मीको कार्यसम्पादन तथा सीप प्रयोग।<br>• सेवा उपलब्धता, पहुँच तथा गुणस्तर।<br>• राष्ट्रिय उपचार प्रोटोकल, मापदण्ड तथा निर्देशिकाको पालना।<br>• अभिलेखीकरण, रिपोर्टिङ तथा सूचना व्यवस्थापन।<br>• आवश्यक औषधि, उपकरण तथा सामग्रीको उपलब्धता।<br>• सेवाग्राहीको सन्तुष्टि तथा सेवा उपयोगको अवस्था।<br>४. अनुगमनका क्रममा आवश्यकता अनुसार On-site Coaching, Mentoring तथा Supportive Supervision प्रदान गरिनेछ।<br>५. अनुगमनबाट पहिचान भएका समस्या तथा सुधार गर्नुपर्ने पक्षहरूको कार्ययोजना सम्बन्धित स्वास्थ्य संस्थासँग समन्वय गरी तयार गरिनेछ।<br>६. आवश्यकताअनुसार पुनःताजगीकरण (Refresher Training) वा अतिरिक्त प्राविधिक सहयोग प्रदान गर्न सकिनेछ।<br>७. अनुगमन सम्पन्न भएपछि निर्धारित ढाँचामा प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेस गर्नुपर्नेछ।<br>**अनुगमन टोली**<br>• प्रदेश स्वास्थ्य तालिम केन्द्रका प्रतिनिधि।<br>• सम्बन्धित कार्यक्रमका प्राविधिक विशेषज्ञ।<br>• स्वास्थ्य निर्देशनालय/मन्त्रालयका प्रतिनिधि (आवश्यकता अनुसार)।<br>• स्थानीय तह वा सम्बन्धित स्वास्थ्य संस्थाका प्रतिनिधि |
| **अभिलेखीकरण/ प्रतिवेदन** | १. प्रत्येक अनुगमनको लागि स्वीकृत Post Training Follow-up Checklist प्रयोग गर्नुपर्नेछ।<br>२. अनुगमन प्रतिवेदन सम्बन्धित स्वास्थ्य संस्थासँग साझा गरी सुधारात्मक कार्ययोजना तयार गर्नुपर्नेछ।<br>३. अनुगमनबाट प्राप्त सिकाइ तथा सिफारिसलाई आगामी तालिम योजना तथा कार्यक्रम सुधारमा समावेश गर्नुपर्नेछ। |

| **क्रियाकलाप(कोड)/खर्च शीर्षकः Training Site Accreditation and Expansion (२.६.४.५१)/२२५१२** | |
|---|---|
| **परिचय** | गुणस्तरीय स्वास्थ्य तालिम सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधार, दक्ष जनशक्ति, सेवाको पर्याप्त उपलब्धता तथा सिकाइका लागि उपयुक्त वातावरण भएका स्वास्थ्य संस्थालाई तालिम स्थल (Training Site) का रूपमा विकास एवं मान्यता प्रदान गर्नु आवश्यक हुन्छ। राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रद्वारा स्वीकृत मापदण्डअनुसार तालिम स्थलको मूल्याङ्कन, मान्यता तथा विस्तार गरी स्वास्थ्यकर्मीहरूलाई गुणस्तरीय सैद्धान्तिक तथा व्यवहारिक तालिम उपलब्ध गराउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ। |
| **उद्देश्य** | १. राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रद्वारा स्वीकृत मापदण्डअनुसार स्वास्थ्य संस्थाहरूको तालिम स्थलका रूपमा मूल्याङ्कन तथा मान्यता प्रदान गर्नु।<br>२. प्रदेशभित्र आवश्यकतानुसार नयाँ तालिम स्थलको विकास तथा विस्तार गर्नु।<br>३. गुणस्तरीय सैद्धान्तिक तथा व्यवहारिक स्वास्थ्य तालिम सञ्चालनका लागि सक्षम तालिम स्थलहरूको सञ्जाल विस्तार गर्नु। |
| **अपेक्षित उपलब्धि** | • राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको मापदण्डअनुसार नयाँ तालिम स्थलहरू मान्यता प्राप्त भएका हुनेछन्।<br>• मान्यता प्राप्त तालिम स्थलहरूको संख्या तथा भौगोलिक पहुँच विस्तार भएको हुनेछ।<br>• स्वास्थ्य तालिमको गुणस्तर तथा व्यवहारिक सिकाइमा सुधार भएको हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | **१.** राष्ट्रिय तथा प्रदेश स्वास्थ्य तालिम केन्द्रको वार्षिक योजना तथा आवश्यकताअनुसार नयाँ तालिम स्थलको आवश्यकता पहिचान गरी सम्भावित स्वास्थ्य संस्थाको छनोट गर्नुपर्नेछ।<br>**२.** तालिम स्थल मान्यताका लागि सम्बन्धित स्वास्थ्य संस्थाले आवश्यक विवरण, स्व-मूल्याङ्कन फाराम तथा आवश्यक कागजात पेस गर्नुपर्नेछ।<br>**३.** राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रद्वारा स्वीकृत तालिम स्थल मान्यता मापदण्ड (Training Site Accreditation Standards) बमोजिम मूल्याङ्कन टोलीद्वारा स्थलगत निरीक्षण तथा मूल्याङ्कन गर्नुपर्नेछ।<br>**४.** मूल्याङ्कनका क्रममा भौतिक पूर्वाधार, मानव स्रोत, सेवा प्रवाह, क्लिनिकल केस लोड, उपकरण, प्रशिक्षण वातावरण, अभिलेखीकरण तथा व्यवस्थापन प्रणालीको मूल्याङ्कन गर्नुपर्नेछ।<br>**५.** मूल्याङ्कन प्रतिवेदनका आधारमा मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थालाई सम्बन्धित निकायको स्वीकृतिपश्चात् तालिम स्थलको मान्यता प्रदान गर्नुपर्नेछ।<br>**६.** मापदण्ड आंशिक रूपमा पूरा गरेका संस्थाहरूलाई आवश्यक सुधारका लागि सुझावसहित निश्चित समय प्रदान गरी पुनः मूल्याङ्कन गर्न सकिनेछ।<br>**७.** मान्यता प्राप्त तालिम स्थलहरूको नियमित अनुगमन, सुपरिवेक्षण तथा गुणस्तर सुनिश्चितता (Quality Assurance) कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |

| | |
|---|---|
| | ८. तालिम स्थलको कार्यसम्पादन, सेवाको गुणस्तर तथा मापदण्ड पालना अवस्थाको आवधिक समीक्षा गरी आवश्यकतानुसार मान्यता नवीकरण गर्नुपर्नेछ। |
| **अभिलेखीकरण/ प्रतिवेदन** | तालिम स्थल मान्यता तथा विस्तार कार्यक्रमसँग सम्बन्धित आवेदन, स्व—मूल्याङ्कन फाराम, स्थलगत मूल्याङ्कन चेकलिष्ट, मूल्याङ्कन प्रतिवेदन, मान्यता प्रदान वा नवीकरण सम्बन्धी निर्णय, सुधार कार्ययोजना, अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदन लगायतका सम्पूर्ण अभिलेख व्यवस्थित रूपमा सुरक्षित राख्नुपर्नेछ। कार्यक्रम सम्पन्न भएपछि विस्तृत प्रतिवेदन तयार गरी सम्बन्धित मन्त्रालय तथा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रमा पठाउनुपर्नेछ। साथै, मान्यता प्राप्त तालिम स्थल तथा सम्बन्धित विवरणहरू Training Information Management System (TIMS) समयमै प्रविष्ट तथा अद्यावधिक गर्नुपर्नेछ। |

| | |
|---|---|
| **क्रियाकलाप(कोड)/खर्च शीर्षकः** तालिम गुणस्तर सुधारका लागि तालिम केन्द्र र तालिम साइटहरुबिच अन्तरक्रिया (२.७.२२.१५६७)/२२५२२ | |
| **परिचय** | स्वास्थ्य सेवा प्रवाहको गुणस्तर सुधार गर्न तालिमहरू प्रभावकारी र व्यवहारिक हुन आवश्यक छ। यसका लागि स्वास्थ्य तालिम केन्द्र र तालिम साइटहरुबिच सहकार्य, समन्वय, र निरन्तर संवाद आवश्यक हुन्छ। यो अन्तर्क्रिया कार्यक्रमले तालिमको कार्यान्वयन, गुणस्तर, चुनौती, र समाधानबारे दुबै पक्षबीच प्रत्यक्ष छलफल र अनुभव आदान—प्रदान गर्न सहयोग पुऱ्याउँछ। |
| **उद्देश्य** | स्वास्थ्य तालिम केन्द्र र तालिम साइटहरुबिच समन्वय सुदृढ गराउनु, तालिमको गुणस्तर सुधार गर्न सुझाव र समस्याहरू पहिचान गराउनु, तालिमको अनुगमन र मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनु, र तालिम कार्यक्रमहरूको दिगो सुधारका लागि साझेदारी विकसित गराउनु यस तालिम कार्यक्रमको उद्देश्य रहेको छ । |
| **अपेक्षित प्रतिफल** | अन्तर्क्रिया पछि स्वास्थ्य तालिम केन्द्र र तालिम साइटहरुबिच सहकार्य अझ मजबुत हुनेछ, तालिमको गुणस्तरमा सुधार आउनेछ, साझा समस्याहरू समाधान हुनेछन् र प्रशिक्षार्थीको सिकाइमा सकारात्मक प्रभाव पर्नेछ। यसले भविष्यका तालिमहरूलाई अझ प्रभावकारी र व्यवहारिक बनाउने आधार तयार गर्नेछ। |
| **कार्यक्रम सञ्चालन प्रक्रिया** | १. तालिम साइटहरुबीच समन्वय गरी हरेक तालिम साइटहरुवाट दुई जना( तालिम साइटका कार्यालय प्रमुख र एक जना प्रशिक्षकलाई) तालिममा सहभागिताको लागि पत्रचार गर्नुपर्नेछ।<br>२. तालिमको अन्तिम लक्ष्य सेवा सुरु वा सुदृढीकरण नै हुने भएकाले तालिम साइटसँग अन्तरक्रिया गर्दा स्वास्थ्य विषय हेर्ने मन्त्रालय र निर्देशनालयका प्रतिनीधिको समेत सहभागिता गराउनुपर्नेछ।<br>३. कार्यालयले तोकेको कर्मचारीले त्रैमासिक लक्ष्य तथा विनियोजित बजेटको परिधिमा रही खर्चको बाँडफाँड टिप्पणी स्वीकृत गराई सरोकारवालाहरुको सहभागितामा मापदण्ड अनुसारको सहभागी तथा सहजकर्ताहरुको व्यवस्थापन गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |

| | |
|---|---|
| **अभिलेखीकरण/ प्रतिवेदन** | कार्यक्रम सम्पन्न भएपछि सहभागी विवरण, सञ्चालन प्रक्रिया, उपलब्धि, वित्तीय विवरण, चुनौती, सिकाइ तथा सुझाव सहित विस्तृत प्रतिवेदन तयार गरी स्वास्थ्य विषय हेर्ने मन्त्रालय तथा सम्बन्धित निकायमा पेस गर्नुपर्नेछ। |

**क्रियाकलाप(कोड)/खर्च शीर्षकः** विद्यालय नर्सलाई मानसिक स्वास्थ्य, आयुर्वेद तालिम प्याकेज निर्माण (२.६.४.५२), **२२५१२**

| | |
|---|---|
| **उद्देश्य** | विद्यालय नर्सको मानसिक स्वास्थ्य प्रवर्द्धन, प्रारम्भिक पहिचान, मनोसामाजिक सहयोग, प्रेषण तथा आयुर्वेद र योगसम्बन्धी स्वास्थ्य प्रवर्द्धनात्मक ज्ञान तथा सीप अभिवृद्धि गर्नु। |
| **कार्यक्रम सञ्चालन प्रक्रिया** | १. स्वास्थ्य तालिम केन्द्रले विद्यालय नर्सहरुलाई दिने मानसिक स्वास्थ्य तालिमको प्याकेज निर्माणका लागि सार्वजनिक खरिद ऐन २०६३ र खरिद नियमावली २०६४ बमोजिम गर्नुपर्नेछ।<br>२. जसअनुसार कार्यालयले आफ्नो वार्षिक खरिद योजना निर्माण गर्दा यस विषयलाई समावेश गर्नुपर्नेछ।<br>३. प्याकेज निर्माणका लागि आवश्यक TOR र लागत अनुमान तयार गर्नुपर्नेछ।<br>४. साथै मानसिक स्वास्थ्य सम्बन्धिका विज्ञ, विद्यालय नर्स कार्यक्रमको जानकारी भएका एवं तालिम सामग्री विकासमा अनुभव भएका कम्तीमा ३ योग्य परामर्शदाता/संस्थाको सूची तयार पार्नुपर्नेछ र short List मा परेका संस्थालाइ TOR सहित प्राविधिक र आर्थिक प्रस्ताव मूल्याङ्कन गर्नुपर्नेछ।<br>५. यसरी प्रस्ताव मूल्याङ्कन गर्दा सुरुमा प्राविधिक प्रस्ताव खोली उपयुक्त भएमा मात्र आर्थिक प्रस्ताव मूल्याङ्कन गर्नुपर्नेछ।<br>६. प्रस्ताव स्वीकृत भएका परामर्शदातासँग प्रशिक्षक पुस्तिका, सहभागी पुस्तिका, प्रस्तुतीकरण, रिफरेन्स म्यानुअल, Pretest/Post test लगायतका आवश्यक अभ्यास सामग्री निर्माणको सम्झौता गर्नुपर्नेछ।<br>७. तालिम प्याकेज निर्माणका क्रममा सो परामर्शदातालाई आवश्यक पृष्ठपोषण प्रदान गर्न मन्त्रालय र निर्देशनालय समेतका फोकल व्यक्तिहरु सम्मिलित एक समिति निर्माण गर्नुपर्नेछ र सो समितिले म्यानुअल निर्माणको सम्झौता भएका विज्ञसँग आवश्यकताअनुसार छलफल गरी सुझाव प्रदान गर्नेछ भने समितिबाट स्वीकृत भईसकेपछि मन्त्रालय, निर्देशनालयका प्रमुख एवं महाशाखा प्रमुख, शाखा प्रमुखहरु समक्ष प्रस्तुत गरी सुझाव सङ्कलन पश्चात् मात्र |

| | |
|---|---|
| | अन्तिम रुप दिनुपर्नेछ। यसरी हुने छलफलमा समितिले आवश्यकता अनुसार बाह्य विज्ञहरुलाई समेत आमन्त्रण गरी छलफलमा सुझाव माग गर्न सक्नेछ ।<br>८. मानसिक स्वास्थ्य सेवामा आयुर्वेदका योग, ध्यान जस्ता विषयवस्तुहरु समेट्न आयुर्वेद विज्ञ समेतको सुझाव समेटिएको हुनुपर्नेछ।<br>९. म्यानुअलको अन्तिम ड्राफ्ट स्वास्थ्य विषय हेर्ने मन्त्रालयबाट स्वीकृत भएपश्चात् तालिम सञ्चालन गर्न सकिनेछ। |
| **अभिलेखीकरण/प्रतिवेदन** | कार्यक्रमसँग सम्बन्धित टिप्पणी, सूची दर्ता, सम्झौता लगायतका कागजात एवं अन्तिम रुप दिइएको म्यानुअलका हार्डकपी र सफ्टकपी दुवै अभिलेखीकरणका लागि सुरक्षित राख्नुपर्नेछ भने कार्यसम्पन्न पश्चात् प्रतिवेदन वास्थ्य मन्त्रालयमा पेस गर्नुपर्नेछ। |

| **क्रियाकलाप(कोड)/खर्च शीर्षकः Mental health module 2A 2B तालिम (२.६.४.५४)/२२५१२** | |
|---|---|
| **परिचय** | विश्व स्वास्थ्य संगठन (WHO) द्वारा विकास गरिएको Mental Health Gap Action Programme (mhGAP) को उद्देश्य प्राथमिक स्वास्थ्य सेवा तहमा मानसिक, स्नायुसम्बन्धी तथा लागू पदार्थ दुरुपयोगसम्बन्धी समस्याको गुणस्तरीय व्यवस्थापनका लागि स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि गर्नु हो। नेपाल सरकारले मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा (MHPSS) लाई आधारभूत स्वास्थ्य सेवामा एकीकृत गर्ने नीति अनुरूप mhGAP-२A तथा mhGAP-२B तालिम सञ्चालन गर्दै आएको छ। यस तालिममार्फत् स्वास्थ्यकर्मीहरूलाई मानसिक स्वास्थ्य समस्याको पहिचान, मूल्याङ्कन, उपचार, परामर्श, आवश्यक औषधि व्यवस्थापन तथा उचित रेफरल प्रणालीबारे व्यावहारिक ज्ञान तथा सीप प्रदान गरिन्छ। |
| **उद्देश्य** | १. प्राथमिक स्वास्थ्य सेवा तहमा कार्यरत स्वास्थ्यकर्मीहरूको मानसिक स्वास्थ्य सेवा प्रदान गर्ने ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गर्नु।<br>२. मानसिक, स्नायुसम्बन्धी तथा लागू पदार्थ प्रयोगसम्बन्धी समस्याको समयमै पहिचान, उपचार तथा व्यवस्थापन सुनिश्चित गर्नु।<br>३. मानसिक स्वास्थ्य सेवालाई नियमित आधारभूत स्वास्थ्य सेवासँग एकीकृत गरी गुणस्तरीय सेवा विस्तार गर्नु। |
| **अपेक्षित प्रतिफल** | • स्थानीय तहका स्वास्थ्य संस्थाहरूमा mh GAP Protocol अनुसार मानसिक स्वास्थ्य सेवा सञ्चालन भएको हुनेछ।<br>• प्रशिक्षित स्वास्थ्यकर्मीहरूले मानसिक स्वास्थ्यसम्बन्धी सेवाको गुणस्तरीय व्यवस्थापन गर्नेछन्।<br>• मानसिक स्वास्थ्य सेवामा पहुँच तथा सेवा उपयोगमा वृद्धि हुनेछ। |

| | |
|---|---|
| **कार्यक्रम सञ्चालन प्रक्रिया** | १. कोशी प्रदेश स्वास्थ्य विषय हेर्ने मन्त्रालयले यस आर्थिक वर्षमा संखुवासभा र ओखलढुङ्गा जिल्लाका १/१ स्थानीय तहमा सामुदायिक मानसिक स्वास्थ्य कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन भएको हुँदा सोही जिल्लाहरुलाई प्राथमिकतामा राखी तालिम सञ्चालन गर्नुपर्नेछ।<br>२. तालिम सञ्चालन गर्दा कार्यक्रम लागु भएका स्थानीय तहका सबै स्वास्थ्य संस्थामा कम्तीमा २ जना स्वास्थ्यकर्मी हुनेगरी तालिममा सहभागी गराउनुपर्नेछ ।यसका लागि सम्बन्धित स्वास्थ्य कार्यालसँग समन्वय गरी सो स्थानीय तहमा तालिम लिएका/नलिएका जनशक्तिको सूची तयार पार्नुपर्नेछ।<br>३. यसका अतिरिक्त जिल्ला अस्पतालका मानसिक स्वास्थ्य सेवाका फोकल पर्सनहरुलाई समेत तालिममा सहभागी गराउनुपर्नेछ ।बजेटको परिधिभित्र रही अन्य स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थाबाट तालिमको माग सङ्कलन गर्नुपर्नेछ।<br>४. अन्यबाट स्थानीय तहबाट सहभागी छनोट गर्दा मानसिक स्वास्थ्य सेवा सञ्चालन नगरेका वा विस्तार गर्न आवश्यक रहेका स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीलाई प्राथमिकता दिनुपर्नेछ।<br>५. तालिम राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रद्वारा स्वीकृत mhGAP-2A तथा mhGAP-2B पाठ्यक्रमअनुसार सञ्चालन गर्नुपर्नेछ।<br>**<u>तालिम अवधि तथा सहभागी</u>**<br>• **mhGAP-2A :** ५ दिन - मेडिकल अफिसरका लागि<br>• **mhGAP-2B :** ५ दिन-प्रिस्क्राइभर स्वास्थ्यकर्मीका लागि (Paramedics)क<br>सहभागी सख्याः १६ देखि २० जना |
| **अभिलेखीकरण/ प्रतिवेदन** | सहभागीहरूले प्रदेश स्वास्थ्य तालिम केन्द्रले जारी गरेको तालिम रजिष्ट्रेसन फारम भर्नुपर्नेछ र सो फारम प्रदेश स्वास्थ्य तालिम केन्द्रले TIMS सफ्टवेयरमा प्रविष्ट गरी सफलतापूर्वक तालिम हासिल गर्ने सहभागीहरूलाई मात्र प्रमाणीकरण गर्नुपर्नेछ।<br>तालिम सम्पन्न भएपछि सहभागी विवरण, सञ्चालन प्रक्रिया, उपलब्धि, वित्तीय विवरण, चुनौती, सिकाइ तथा सुझाव सहित विस्तृत प्रतिवेदन तयार गरी स्वास्थ्य विषय हेर्ने मन्त्रालय तथा सम्बन्धित निकायमा पेस गर्नुपर्नेछ।तालिम लिएका सहभागीहरुको विवरण वेवसाइटमा अपलोड गर्नुपर्नेछ। |

| **क्रियाकलाप(कोड)/खर्च शीर्षकः** आयुर्वेद चिकित्सकलाई क्षारसुत्र शल्य सम्बन्धी तालिम (२.६.४.३४)/ २२५१२ | |
|---|---|
| **परिचय** | आयुर्वेद चिकित्सा प्रणालीमा शल्य चिकित्सा अन्तर्गत क्षारसूत्र विधि विशेष महत्वको उपचार पद्धति हो। विशेष गरी Fistula-in-ano, Haemorrhoids तथा उपयुक्त अन्य रोगावस्थामा क्षारसूत्र विधिबाट उपचार गर्न सकिने भएकाले आयुर्वेद अस्पताल तथा स्वास्थ्य संस्थाबाट प्रदान गरिने शल्य सेवाको महत्वपूर्ण अंगका रूपमा यस सेवालाई विकास गर्न सकिन्छ। क्षारसूत्र सेवा प्रभावकारी रूपमा सञ्चालन गर्न चिकित्सकमा रोगको उचित पहिचान, बिरामीको क्लिनिकल मूल्याङ्कन, उपचारका लागि उपयुक्त बिरामी छनोट, क्षारसूत्रको प्रयोग तथा परिवर्तन, संक्रमण रोकथाम, शल्यपश्चात् हेरचाह, जटिलताको पहिचान तथा आवश्यक अवस्थामा विशेषज्ञ सेवा वा उच्च स्वास्थ्य संस्थामा प्रेषण गर्ने सीप आवश्यक हुन्छ। प्रदेश तथा स्थानीय तहमा आयुर्वेद स्वास्थ्य सेवाको विस्तारसँगै क्षारसूत्र सेवाको माग र आवश्यकता बढ्दै गएको सन्दर्भमा सेवा विस्तारको एक अंगको रुपमा यस कार्यक्रम योजना गरिएको हो। |
| **उद्देश्य** | आयुर्वेद चिकित्सकलाई क्षारसूत्र शल्यसम्बन्धी आवश्यक सैद्धान्तिक ज्ञान तथा व्यावहारिक सीप प्रदान गरी सम्बन्धित आयुर्वेद अस्पताल/स्वास्थ्य संस्थाबाट सुरक्षित, गुणस्तरीय र प्रभावकारी क्षारसूत्र सेवा सञ्चालन तथा विस्तार गर्न सक्षम बनाउनु। |
| **अपेक्षित उपलब्धि** | प्रदेशका आयुर्वेद अस्पताल तथा आयुर्वेद स्वास्थ्य केन्द्रहरुमा क्षारसुत्र सेवा बिस्तार भएको हुनेछ। |
| **कार्यक्रम सञ्चालन प्रकृया** | १. तालिम सञ्चालन गर्नुपूर्व प्रदेशमा यसअघि क्षारसुत्र तालिम लिएका आयुर्वेद चिकित्सकहरुको सुची तयार गर्नुपर्नेछ र स्वास्थ्य मन्त्रालयसँगको समन्वयमा तालिमप्राप्त जनशक्ति अभावका कारण सेवा शूरु नभएका अस्पताल/स्वास्थ्य केन्द्रहरुको पहिचान गरि सहभागी छनौट गर्नुपर्नेछ ।<br>२. तालिमका सहभागी छनौट पश्चात क्षारसुत्रको तालिम साइट (प्रदेशमा नभएको अवस्थामा प्रदेश बाहिर समेत)सँग समन्वय गरी एक ब्याचमा ५देखि छ जनालाई तालिम म्यानुअल अनुरुप ४२ दिन तालिममा सहभागी गराउनुपर्नेछ।<br>३. तालिममा सहभागी हुँदाको दैनिक भ्रमण खर्च,तालिम सामग्री लगायत सम्पुर्ण तालिम व्यवस्थापनसँग सम्बन्धित खर्च प्रचलित आर्थिक कार्यविधि अनुरुप हुनेछ ।<br>४. तालिम पश्चात सहभागीहरुले क्षारसुत्र सेवा दिएको विवरण अनिवार्य AMIS मा प्रविष्टि गरेको हुनुपर्नेछ । |
| **अभिलेख प्रतिवेदन** | कार्यक्रमको भौतिक एवं वित्तीय प्रगतिको अभिलेख राखी प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। तालिम लिएका जनशक्तिहरुको विवरण अनिवार्य कार्यालयको वेबसाइटमा अपलोड गर्नुपर्नेछ । |

| क्रियाकलाप (कोड)/खर्च शीर्षकः स्वास्थ्यकर्मीहरुका लागि जलन सम्बन्धी तालिम (२.६.४.३५)/ २२५१२ | |
|---|---|
| **परिचय** | नेपालमा जलन (Burn Injury) एक प्रमुख सार्वजनिक स्वास्थ्य समस्याको रूपमा रहेको छ। विशेषगरी ग्रामीण तथा दुर्गम क्षेत्रमा आगो, तातो पानी, तातो तेल, विद्युत्, र असुरक्षित खाना पकाउने तथा ताप्ने प्रविधिका कारण जलनका घटनाहरू बढी हुने गरेका छन्। समयमै उचित प्राथमिक उपचार तथा प्रभावकारी व्यवस्थापनको अभावमा जलनका कारण अपाङ्गता, संक्रमण तथा मृत्युदर बढ्ने जोखिम रहन्छ। यस सन्दर्भमा स्वास्थ्यकर्मीहरूको ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गरी जलनको रोकथाम, प्रारम्भिक व्यवस्थापन, उपचार तथा आवश्यक रेफरल प्रणालीलाई प्रभावकारी बनाउने उद्देश्यले यो तालिम सञ्चालन गरिन्छ। |
| **उद्देश्य** | यस तालिमको उद्देश्य स्वास्थ्यकर्मीहरूलाई जलनको रोकथाम, प्रारम्भिक मूल्याङ्कन, प्राथमिक उपचार, संक्रमण नियन्त्रण, घाउ व्यवस्थापन, आवश्यक रेफरल तथा पुनःस्थापना सम्बन्धी ज्ञान, सीप र दक्षता अभिवृद्धि गरी गुणस्तरीय जलन सेवा प्रदान गर्न सक्षम बनाउनु हो । |
| **लक्षित समूह** | प्रदेश अन्तर्गतका प्रदेश अस्पताल, जिल्ला अस्पताल तथा स्थानीय तह अन्तर्गका स्वास्थ्य संस्थाका इमर्जेन्सी, क्रिटिकल केयर तथा जलन व्यवस्थापनसँग सम्बन्धित सेवामा कार्यरत मेडिकल अधिकृत, नर्सिङ कर्मचारी तथा पारामेडिक्सहरू यस तालिमका लक्षित सहभागी हुनेछन्। |
| **अपेक्षित उपलब्धि** | तालिम सम्पन्न भएपछि स्वास्थ्यकर्मीहरूले जलनका बिरामीहरूको प्रमाणमा आधारित प्रारम्भिक मूल्याङ्कन, उपचार तथा व्यवस्थापन प्रभावकारी रूपमा गर्न सक्षम हुनेछन्। यसबाट जलनका कारण हुने जटिलता, अपाङ्गता तथा मृत्युदर न्यूनीकरणमा योगदान पुग्नेछ। साथै, समयमै उचित रेफरल प्रणालीको उपयोग, गुणस्तरीय जलन सेवा प्रवाह तथा समुदायमा जलन रोकथाम सम्बन्धी जनचेतना अभिवृद्धि भई समग्र जलन व्यवस्थापन प्रणाली थप प्रभावकारी हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | १. प्रदेशमा रहेका प्रदेश अस्पताल तथा जिल्ला अस्पतालसँग समन्वय गरी लक्षित समूह अनुसारका सहभागी छनोट गर्नुपर्छ।<br>२. प्रदेश सरकारको यसवर्ष मेची प्रादेशिक अस्पताल, मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर,संखुवासभा अस्पताल र उदयपुर अस्पतालमा जलन उपचार सेवा सुरु गर्ने योजनालाई कार्यान्वयनमा ल्याउन सोही अस्पतालका स्वास्थ्यकर्मीहरुलाई प्राथमिकतामा राखि तालिम सञ्चालन गर्नुपर्नेछ।<br>२. तालिम अवधि ६(छ) दिन हुनेछ। १५ देखि २० जना सहभागी सङ्ख्यामा तालिम सञ्चालन गर्न सकिनेछ। यो तालिम सूचीकृत साइट कीर्तिपुर अस्पताल (जलन उपचार केन्द्र) सँगको समन्वयमा तथा अस्पतालमै सञ्चालन गर्नुपर्छ।<br>३. प्रशिक्षकको मापदण्ड अनुसार यस तालिमको प्रशिक्षक, प्रशिक्षक प्रशिक्षण (ToT) तालिम लिएका चिकित्सक तथा स्वास्थ्यकर्मीहरू वा यस विषयका विशेषज्ञहरू प्रशिक्षक हुनेछन्। |

| | |
|---|---|
| **अभिलेख/प्रतिवेदन** | सहभागीहरूले प्रदेश स्वास्थ्य तालिम केन्द्रले जारी गरेको तालिम रजिष्ट्रेसन फारम भर्नु पर्नेछ र सो फारम प्रदेश स्वास्थ्य तालिम केन्द्रले TIMS सफ्टवेयरमा प्रविष्ट गरी सफलतापूर्वक तालिम हासिल गर्ने सहभागीहरूलाई मात्र प्रमाणीकरण गर्नुपर्नेछ।<br>तालिम सम्पन्न भएपछि सहभागी विवरण, सञ्चालन प्रक्रिया, उपलब्धि, वित्तीय विवरण, चुनौती, सिकाइ तथा सुझाव सहित विस्तृत प्रतिवेदन तयार गरी स्वास्थ्य विषय हेर्ने मन्त्रालय तथा सम्बन्धित निकायमा पेस गर्नुपर्नेछ। |

**क्रियाकलाप(कोड)/खर्च शीर्षकः Dialysis सेवाका लागि नर्सिङ स्वास्थ्यकर्मीलाई क्षमता अभिवृद्धि तालिम (२.६.४.४५)/ २२५१२**

| | |
|---|---|
| **परिचय** | नेपालमा दीर्घकालीन मिर्गौला रोग (Chronic Kidney Disease) का बिरामीहरूको संख्या क्रमशः बढ्दै गएको छ। यससँगै हेमोडायलाइसिस सेवाको पहुँच तथा गुणस्तर अभिवृद्धि गर्नु स्वास्थ्य प्रणालीको महत्वपूर्ण आवश्यकता बनेको छ। डायलाइसिस सेवाको प्रभावकारी सञ्चालनका लागि दक्ष र सीपयुक्त नर्सिङ जनशक्ति अपरिहार्य हुन्छ। डायलाइसिस मेसिन सञ्चालन, बिरामीको तयारी, भास्कुलर एक्सेसको हेरचाह, संक्रमण रोकथाम, आकस्मिक अवस्थाको व्यवस्थापन तथा बिरामी शिक्षाजस्ता पक्षमा नर्सिङ स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले यो तालिम सञ्चालन गरिनेछ। |
| **उद्देश्य** | यस तालिमको उद्देश्य डायलाइसिस सेवामा कार्यरत नर्सिङ स्वास्थ्यकर्मीहरूको ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गरी सुरक्षित, गुणस्तरीय तथा प्रमाणमा आधारित हेमोडायलाइसिस सेवा प्रदान गर्न सक्षम बनाउनु हो। |
| **अपेक्षित उपलब्धि** | तालिम सम्पन्न भएपछि सहभागीहरूले हेमोडायलाइसिस प्रक्रियाको सुरक्षित सञ्चालन, डायलाइसिस मेसिनको सञ्चालन, बिरामीको पूर्व तथा पश्चात् मूल्याङ्कन, संक्रमण रोकथाम, भास्कुलर एक्सेसको हेरचाह, आकस्मिक जटिलताको व्यवस्थापन तथा बिरामी परामर्श प्रभावकारी रूपमा गर्न सक्षम हुनेछन्। यसबाट डायलाइसिस सेवाको गुणस्तर अभिवृद्धि भई बिरामीको उपचार परिणाममा सुधार आउनेछ। |
| **सञ्चालन प्रक्रिया** | १. प्रदेश स्वास्थ्य तालिम केन्द्रले तालिमको योजना गर्दा प्रदेश भित्र डायलाइसिस सेवा सञ्चालन भएका अस्पतालहरु र सो अस्पतालमा भएका तालिमप्राप्त जनशक्तिको सूची तयार पारी तालिम आवश्यकता पहिचान गर्नुपर्नेछ।<br>२. अस्पतालहरु प्रदेशका अस्पतालहरुमध्ये मेची अस्पताल, पाँचथर, इलाम, संखुवासभा, धनकुटा र उदयपुर अस्पतालमा डायलाइसिस सेवा सञ्चालनमा रहेको छ भने यस वर्ष मदन भण्डारी अस्पताल एवं शैलजा आचार्य अस्पतालमा सुरु गर्ने योजना रहेको हुँदा यी अस्पतालहरूसँग समन्वय गरी डायलाइसिस सेवा सञ्चालन गर्न जनशक्ति अपुग भएको भए आवश्यकता पहिचान गरि सहभागी छनोट गर्नुपर्नेछ। |

| | |
|---|---|
| | ३. सहभागी छनौट गर्दा अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा र स्वास्थ्य निर्देशनालयसँग समन्वय गरि गर्नुपर्नेछ।<br>४. प्रदेशका अस्पतालहरु बाहेक पनि डायलाईसिस सेवा सञ्चालनमा रहेका स्थानीय तह अन्तरगतका अस्पतालहरुको पनि आवश्यकता पहिचान गरि सहभागिता गराउन सकिनेछ। डायलाईसिस सेवा नभएका स्वास्थ्य संस्थाहरुबाट सहभागी गराउन पाइनेछैन ।<br>५. तालिममा सहभागी छनौट गर्दा स्थायी र सोही संस्थामा कम्तीमा पनि २ वर्ष सेवा दिने सुनिश्चितता भएको हुनुपर्नेछ ।<br>६. तालिमको अवधि,सहभागी संख्या, तालिम साइट एवं तालिम प्रदायक आदि स्वास्थ्य तालिम केन्द्रले स्वीकृत गरेको सम्बन्धित तालिमको पाठ्यक्रम बमोजिम नै हुनुपर्नेछ। |
| **अभिलेखन/ प्रतिवेदन** | सहभागीहरूले प्रदेश स्वास्थ्य तालिम केन्द्रले जारी गरेको तालिम रजिष्ट्रेसन फारम भर्नु पर्नेछ र सो फारम प्रदेश स्वास्थ्य तालिम केन्द्रले TIMS सफ्टवेयरमा प्रविष्ट गरी सफलतापूर्वक तालिम हासिल गर्ने सहभागीहरूलाई मात्र प्रमाणीकरण गर्नुपर्नेछ।<br>तालिम सम्पन्न भएपछि सहभागी विवरण, सञ्चालन प्रक्रिया, उपलब्धि, वित्तीय विवरण, चुनौती, सिकाइ तथा सुझाव सहित विस्तृत प्रतिवेदन तयार गरी स्वास्थ्य विषय हेर्ने मन्त्रालय तथा सम्बन्धित निकायमा पेस गर्नुपर्नेछ। |
| **तालिम फलोअप** | तालिम पश्चात् सो सहभागीले सोहि क्षेत्रमै कार्य गरिरहेको /नगरेको फलो अप गरि सुनिश्चित गर्नुपर्नेछ। यसको जिम्मेवारी सम्बन्धित तालिमको फोकल व्यक्तिको हुनेछ ।फलोअप बजेटको परिधिभित्र रहि स्थलगत अनुगमन /फोन कलबाट गर्न सकिनेछ । |

| **क्रियाकलाप(कोड)/खर्च शीर्षक:** जिल्ला अस्पताल सेवा विस्तारका लागि **CSSP Training** (२.६.४.४६)/ २२५१२ | |
|---|---|
| **परिचय** | नेपाल सरकारले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ तथा राष्ट्रिय पाठेघरको मुखको क्यान्सर रोकथाम तथा नियन्त्रण रणनीतिअनुसार पाठेघरको मुखको क्यान्सरको रोकथाम, प्रारम्भिक पहिचान र समयमै उपचारलाई प्राथमिकता दिएको छ। Visual Inspection with Acetic Acid (VIA) Screening, Single Visit Approach (SVA) तथा Thermocoag-ulation सेवाको विस्तारका लागि दक्ष स्वास्थ्य जनशक्ति आवश्यक भएकाले प्रदेश स्वास्थ्य तालिम केन्द्रमार्फत् अस्पतालमा कार्यरत स्टाफ नर्स तथा मेडिकल अफिसरहरूलाई ६ दिने क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ। |
| **उद्देश्य** | स्वास्थ्य संस्थामा कार्यरत स्टाफ नर्स तथा मेडिकल अफिसरहरूको पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ, प्रारम्भिक व्यवस्थापन तथा रोकथामसम्बन्धी ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्नु। |
| **अपेक्षित उपलब्धि** | प्रदेशका सबै अस्पतालहरुमा CCSP सेवा सुरु भएको हुनेछ र यी अस्पतालहरुले स्थानीय तहसँगको समन्वयमा रिफरल अस्पतालको रुपमा सेवा दिएका हुनेछन |



स्वीकृत मितिः २०८३।०४।२५

| | |
|---|---|
| **कार्यक्रम सञ्चालन प्रक्रिया** | • स्वास्थ्य तालिम केन्द्रले कुनैपनि तालिम सञ्चालन गर्नुअघि सो तालिमको फोकल व्यक्ति तोक्नुपर्नेछ र नीजले यस अघि CCSP तालिम लिएका सहभागीहरुको विवरण र नीजहरु कार्यरत रहेको कार्यालयको विवरण सङ्कलन गर्नुपर्नेछ।<br>• प्रदेशका १६ वटै अस्पतालहरुबाट विवरण प्राप्त भएपश्चात् तालिमको आवश्यकता पहिचान गर्नुपर्नेछ। यसका लागि कम्तीमा २ जना सेवा प्रदायक भएको अस्पताल,१ जना मात्र सेवा प्रदायक भएको अस्पताल र १ जना पनि सेवा प्रदायक नभएको अस्पताल पहिचान गरी १ जना पनि नभएको अस्पताललाई पहिलो प्राथमिकता र १ जना मात्र भएको अस्पताललाई दोस्रो प्राथमिकता दिई तालिम सञ्चालन गर्नुपर्नेछ।<br>• स्थानीय तहमा भएका स्वास्थ्य संस्थाहरुले VIA सेवा दिने हुँदा यस तालिमको उपयोगिता न्युन हुने तर थर्मोकोअगुलेशन सेवा दिरहेका र अवरुद्ध भएको अवस्थामा भने समग्र अवस्थालाई बिश्लेषण गरि तालिममा समावेश गर्न सकिनेछ तर स्थानीय तहबाट आउने सहभागीले अनिवार्य आफ्नो संस्थामा भएको थर्मोकोअगुलेशन मेशिन लिएर आउनुपर्नेछ।<br>• प्रदेशका अस्पतालहरुमा कार्यरत सहभागीहरुले तालिमपश्चात् तत्काले सेवा सुरु गरिहाल्नुपर्ने भएको हूँदा निजले सञ्चालन गर्ने मेशिन तालिममा सिकेको मेशिनभन्दा फरक भएमा सञ्चालनमा कठिनाइ हुनसक्ने अवस्थालाई मध्यनजर गर्दै तालिममा आफ्नै कार्यालयको थर्मोकोअगुलेटर मेशिन लिइ आउनुपर्नेछ ।<br>• थर्मोकोगुलेटर भएका तर नियमित सेवा सञ्चालन गर्न नसकेका स्वास्थ्य संस्थाहरुका स्वास्थ्यकर्मीहरूलाई समेत प्राथमिकतामा राखी तालिम प्रदान गर्नुपर्नेछ।सहभागी तथा प्रशिक्षकहरु राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रद्वारा निर्मित पाठयक्रममा उल्लेखित मापदण्ड अनुसार नै छनोट गर्नुपर्नेछ।<br>• तालिम सूचीकृत तालिम साइटमा सञ्चालन गर्नुपर्नेछ। |
| **अभिलेखकरण/ प्रतिवेदन** | सहभागीहरूले प्रदेश स्वास्थ्य तालिम केन्द्रले जारी गरेको तालिम रजिष्ट्रेसन फारम भर्नु पर्नेछ र सो फारम प्रदेश स्वास्थ्य तालिम केन्द्रले TIMS सफ्टवेयरमा प्रविष्ट गरी सफलतापूर्वक तालिम हासिल गर्ने सहभागीहरूलाई मात्र प्रमाणीकरण गर्नुपर्नेछ।<br>तालिम सम्पन्न भएपछि सहभागी विवरण, सञ्चालन प्रक्रिया, उपलब्धि, वित्तीय विवरण, चुनौती, सिकाइ तथा सुझाव सहित विस्तृत प्रतिवेदन तयार गरी स्वास्थ्य विषय हेर्ने मन्त्रालय तथा सम्बन्धित निकायमा पेस गर्नुपर्नेछ। |

| क्रियाकलाप(कोड)/खर्च शीर्षकः Ambulance Driver लाई First Aid Training (२.६.४.४७)/ २२५१२ | |
|---|---|
| **परिचय** | नेपाल सरकारबाट जारी भएको राष्ट्रिय एम्बुलेन्स निर्देशिका २०७८ बमोजिम एम्बुलेन्स चालकको दक्षता अभिवृद्धि गर्न यो क्रियाकलाप राखिएको हो। |
| **उद्देश्य** | नेपाल सरकारबाट जारी भएको राष्ट्रिय एम्बुलेन्स निर्देशिका २०७८ बमोजिम एम्बुलेन्स चालकले बिरामी तथा घाइतेहरूको जीवनरक्षार्थ अपनाउनपर्ने जीवन रक्षाका सीप र दक्षता अभिवृद्धि गरी प्रभावकारी अस्पताल पूर्व सेवा प्रवाह गर्ने । |
| **अपेक्षित उपलब्धि** | विरामी र घाइतेको जीवन रक्षा एवम् गुणस्तरिय एम्बुलेन्स सेवा प्रदान गर्न सक्ने दक्ष एम्बुलेन्स चालक तयार भएको हुनेछ। |
| **कार्यक्रम सञ्चालन प्रक्रिया** | १. <u>तालिमको लक्षित समुह</u><br>नेपाल सरकारको मापदण्ड अनुसार सञ्चालनमा रहेका क र ख वर्ग सरकारी तथा गैर सरकारी एम्बुलेन्स चालकहरू<br>बिरामी वा घाइते ओसारपसार गर्ने गाडी (Patient Transport Vehicle) का चालकहरू<br><br>२. <u>तालिममा सहभागीहरूको संख्या</u><br>यो तालिममा प्रभावकारी एम्बुलेन्स सेवा प्रदान गर्नका लागि आवश्यक सिपको विकास गर्ने गरी विकास गरिएको छ । सिप विकास गर्ने तालिम भएको हुनाले तालिमका क्रममा सहभागीहरूले प्रशस्त अभ्यासहरू गर्नुपर्ने हुन्छ, सहभागीहरूको संख्या धेरै भएमा सिप विकास गर्ने अभ्यासहरूलाई प्रभावकारी बनाउन र तालिमको गुणस्तर कायम गर्न सकिदैन । यसर्थ यो तालिम सञ्चालन गर्नका लागि एक समूहमा १६ जना मात्र सहभागी हुनुपर्दछ।<br><br>३. <u>तालिमको अवधि</u><br>यो तालिम सम्पूर्णरुपमा व्यवहारिक सीप सिकाईमा आधारित हुनेछ र तीन दिन (२४ घण्टा) अवधिको हुनेछ।<br><br>४. <u>तालिमका सहजकर्ताहरू</u><br>एम्बुलेन्स चालक तालिम प्रशिक्षक प्रशिक्षण प्राप्त प्रशिक्षकहरू र राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रद्वारा स्वीकृत यस तालिको पाठ्यक्रम अनुसार गर्नुपर्नेछ। साथै स्रोत व्यक्तिको रूपमा ट्राफिक प्रहरी र वकिललाई आमन्त्रण गर्नुपर्नेछ।<br><br>५. <u>प्रशिक्षक संख्या</u><br>४ जना (प्रत्येक चारजना सहभागीहरूको लागि एक जना प्रशिक्षक अनिवार्य) |

| | |
|---|---|
| | यो तालिम सीपमूलक (Clinical Skill-based) प्रकृतिको भएकाले तालिम सञ्चालनका लागि आवश्यक क्लिनिकल सामग्रीहरू तालिमको आवश्यकता तथा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र को Learning Resource Package (LRP) बमोजिम व्यवस्थापन तथा खरिद गर्न सकिनेछ। |
| **अभिलेखीकरण/ प्रतिवेदन** | सहभागीहरूले प्रदेश स्वास्थ्य तालिम केन्द्रले जारी गरेको तालिम रजिष्ट्रेसन फारम भर्नु पर्नेछ र सो फारम प्रदेश स्वास्थ्य तालिम केन्द्रले TIMS सफ्टवेयरमा प्रविष्ट गरी सफलतापूर्वक तालिम हासिल गर्ने सहभागीहरूलाई मात्र प्रमाणीकरण गर्नुपर्नेछ।<br>तालिम सम्पन्न भएपछि सहभागी विवरण, सञ्चालन प्रक्रिया, उपलब्धि, वित्तीय विवरण, चुनौती, सिकाइ तथा सुझाव सहित विस्तृत प्रतिवेदन तयार गरी स्वास्थ्य विषय हेर्ने मन्त्रालय तथा सम्बन्धित निकायमा पेस गर्नुपर्नेछ। |



स्वीकृत मितिः २०८३।०४।२५